# सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलनको घोषणापत्र, २०७७

## प्रस्तावना

नेपालको संविधानले महान्यायाधिवक्तालाई प्रदान गरेको संवैधानिक काम, कर्तव्य र अधिकारहरूको व्यावहारिक प्रयोग मार्फत कसूरदारलाई सजाय र पीडितलाई न्याय दिलाउन अग्रसर रहँदै,

संविधान र कानूनले सरकारी वकीललाई सुम्पिएको दायित्व व्यावसायिक रूपमा सम्पादन गर्ने कटिबद्धता प्रकट गर्दै,

अपराध अनुसन्धानलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउनका लागि अनुसन्धानको प्रारम्भिक चरणदेखिनै उपयुक्त मार्गदर्शन गर्नु पर्ने सरकारी वकीलको जिम्मेवारीलाई प्रभावकारीरूपमा सम्पादन गर्ने प्रण गर्दै,

संविधान र कानूनले प्रत्याभूत गरेको अपराध पीडितको हकलाई कार्यान्वयनमा ल्याई व्यावहारिक रूपमा अनुभूति गर्ने अवस्था निर्माण गर्नु पर्ने सरकारी वकीलको भूमिकालाई जिम्मेवारीपूर्वक निर्वाह गरी न्यायमा सहज पहुँच कायम हुने दिशामा विशेष क्रियाशीलता देखाउने विश्वास दिलाउँदै,

मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ समेतका मुलुकी संहिताहरूको कार्यान्वयनमा एकरूपतापूर्ण अभ्यास गर्ने र फौजदारी कसूर ( सजाय  निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तर्फ उन्मुख हुदै,

महान्यायाधिवक्ताको कार्यालयले घोषणा गरेको “अभियोजन सुधार वर्ष” लाई सफल बनाउन क्रियाशील रहँदै,

इमान्दारिता, स्वच्छता, निष्पक्षता, सदाचार जस्ता सार्वजनिक जीवनका आदर्श मूल्यहरूलाई सरकारी वकीलको सेवामा रूपान्तरण गरी जनविश्वास प्राप्त र भरोषायुक्त कार्यालयको रूपमा सरकारी वकील कार्यालयलाई स्थापित गर्ने अठोट प्रकट गर्दै,

सरकारी वकीलहरूको पहिलो र दोस्रो राष्ट्रिय सम्मेलनबाट जारी गरिएका घोषणापत्रप्रति पुनः प्रतिबद्धता व्यक्त गर्दै,

संबत् २०७७ साल पौष ८ गतेदेखि १० गतेसम्म अनलाइन मार्फत आयोजना गरिएको सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलनका हामी सहभागी सरकारी वकीलहरू यो घोषणापत्र जारी गर्दछौं ।

आभार प्रकट

१.महान्यायाधिवक्ताको कार्यालयको नवनिर्मित भवनको समुद्घाटन एवम् सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलनको समुद्घाटनसहित सरकारी वकीलहरूलाई मार्गदर्शन गर्नु हुने उद्घाटन समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, विशेष अतिथि सम्माननीय प्रधानन्यायाधीशज्यू, समापन समारोहका प्रमुख अतिथि माननीय गृह मन्त्रीज्यू, विशेष अतिथि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू, उद्घाटन तथा समापन समारोहमा विशिष्ट पदाधिकारीको गरिमामय उपस्थिति र वहाँहरूबाट भएको सम्बोधनप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

२. महान्यायाधिवक्ताको कार्यालयको नयाँ भवन निर्माणका लागि प्रारम्भदेखि उद्घाटनको चरणसम्म योगदान दिनु हुने माननीय महान्यायाधिवक्ताज्यूहरू, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण एवम् सो कार्यमा संलग्न अन्य निकाय एवम् पदाधिकारी समय अगावै भवन उपलव्ध गराउने निर्माण व्यवसायी तथा उक्त कार्यका लागि स्रोत उपलव्ध गराउने नेपाल सरकारप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

संहिताहरूको कार्यान्वयन

३. नेपालको फौजदारी न्याय प्रणालीलाई आधुनिकीकरण गर्ने उद्देश्यले जारी भएका मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका कानूनी व्यवस्थाको कार्यान्वयनको हालसम्मको अभ्यासको समीक्षा गर्दै उक्त कानूनी व्यवस्थाको प्रयोगमा एकरूपता कायम हुने गरी कार्यान्वयन गर्ने प्रतिबद्धता प्रकट गर्दछौं । ती कानूनहरूको कार्यान्वयनमा देखिएका समस्याहरूलाई सम्बोधन गर्ने गरी कानूनी एवम् संरचनागत

पक्षमा आवश्यक सुधार हुने अपेक्षा राख्दछौं । अपराध कानूनको सुधार गर्दा ती कानूनको कार्यान्वयनको प्रभावका बारेमा अनुसन्धानमूलक रूपमा अध्ययन गरिनु पर्ने र त्यस्ता कानूनको सुधारमा अध्ययनको निष्कर्षलाई आधार लिने र सरकारी वकीलहरूको सुझाव समेत लिने व्यवस्था सुनिश्चित गराउन तर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछौं ।

४. मुलुकी अपराध संहितामा गरिएका व्यवस्था र विशेष कानूनमा भएका कतिपय कानूनी व्यवस्थामा एकरूपता नदेखिएकोले कार्यान्वयनमा जटिलता आएको महसुस गर्दै एउटै विषयमा भिन्नभिन्न कानूनले गरेका व्यवस्थाहरूको पुनरावलोकन गरी एकरूपता कायम गर्नु पर्ने आवश्यकता औंल्याउँदछौं ।

५. सरकारी वकीलको राय लिई वा सरकारी वकीलबाट अभियोजनको निर्णय भई अन्य निकायले अभियोजन गर्ने अभ्यासमा पुनरावलोकन गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले गरेको कानूनी व्यवस्थासँग मेल खाने गरी संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै प्रकारका सरकार वादी मुद्दाहरूको अभियोगपत्र पेश गर्ने कार्य सरकारी वकीलबाट हुने गरी विभिन्न कानूनहरूमा शीघ्र संशोधनको आवश्यकता महसुस गर्दछौं ।

७. मुलुकी अपराध संहिता, २०७४ समेतका विभिन्न कानूनले गरेको वर्हिक्षेत्रीय अधिकार सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित मुलुकहरूसँग सपुर्दगी र पारस्परिक कानूनी सहायता सम्बन्धी सन्धि संझौता गर्ने सम्बन्धमा नेपाल सरकारबाट यथाशीघ्र आवश्यक प्रक्रिया अघि बढ्ने अपेक्षा राख्दछौं ।

८. अपराध अनुसन्धान र अभियोजनमा सुधार गर्न झुट्टा वा भ्रमपूर्ण वा काल्पनिक जाहेरीलाई तामेलीमा राख्ने, कसूरको गम्भीरताका आधारमा हिरासतमा नराखी धरौटी, जमानत वा तारिखमा राखी अनुसन्धान गर्न सकिने, सजायको मागदावीमा छुट दिन सकिने समेतका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अंगिकार गरेका प्रावधानहरूलाई कार्यान्वयनमा ल्याउन प्रतिबद्ध रहेका छौं । सो प्रयोजनका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी आवश्यक पर्ने मापदण्ड, कार्यविधि एवम् निर्देशिका शीघ्रतापूर्वक जारी हुने अपेक्षा गर्दछौं ।

९. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा सार्वजनिक हितका दृष्टिकोणबाट मुद्दा चलाउन उपयुक्त नदेखिएको अवस्थामा खास किसिमका सानातिना कसूरमा अभियोजन नगर्ने सिद्धान्तलाई आत्मसात गरिएको भए पनि सजाय सीमाका कारण उक्त कानूनी व्यवस्थाको सार्थक प्रयोग हुन नसकेको यथार्थतालाई दृष्टिगत गरी सोसम्बन्धी सजायको सीमा पुनरावलोकन हुनु पर्ने आवश्यकता औंल्याउँदछौं ।

१०. नेपालको संविधानले अपराध पीडितको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको सन्दर्भमा सरकार वादी फौजदारी मुद्दाका पीडितहरूलाई अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादनको क्रममा सहभागी गराउने, आवश्यक जानकारी दिने, उचित सहायता र संरक्षण गर्ने लगायत अपराध पीडित संरक्षण ऐन, २०७५ ले गरेका व्यवस्थाको कार्यान्वयनका लागि उच्च प्रतिबद्धता व्यक्त गर्दछौं । सो प्रयोजनका लागि साक्षी संरक्षण सम्बन्धी कानून, अपराध पीडित संरक्षण नियमावली लगायतका कानूनी प्रबन्ध प्राथमिकतापूर्वक हुने अपेक्षा गर्दछौं । पीडित राहत कोष सञ्चालन तथा व्यवस्थापनमा पीडितका तर्फबाट प्रतिनिधित्व गर्ने सरकारी वकीलको संलग्नता नरहेको तर्फ गम्भीर ध्यानाकर्षण गराउँदछौं । अपराध पीडितलाई सहयोग र पुनर्स्थापनाका लागि मनोसामाजिक परामर्श समेतका सेवाहरू उपलब्ध गराउन आवश्यक पर्ने दक्ष जनशक्तिसहितको संरचनाको निर्माण हुनु पर्ने आवश्यकता महसुस गर्दछौं ।

सुधारात्मक दण्ड व्यवस्थाको कार्यान्वयन

११. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले कसूरदारको पुनर्स्थापना तथा सुधारका लागि गरेका व्यवस्थाहरू अझै पनि पूर्णरूपमा लागू हुन सकेका छैनन् । सर्वोच्च अदालतले समेत सो ऐनका लागू नभएका व्यवस्थाहरू लागू गर्नका लागि आदेशसमेत गरेको सन्दर्भमा प्रोवेसन, प्यारोल, सामुदायिक सेवा, रात्रीकालीन कारावास, सप्ताहन्त कारावास, कैद वापतको श्रम समेतका सम्पूर्ण व्यवस्थाहरू लागू गर्नु पर्ने र कारागारको भौतिक अवस्थामा सुधार हुनु पर्ने आवश्यकता औल्याउदछौं । यसका लीग प्राथमिकतापूर्वक कानूनी एवम् भौतिक पूर्वाधार र स्रोत साधनको उचित प्रबन्ध हुने विश्वास प्रकट गर्दछौं ।

अभियोजन नीति

१२. महान्यायाधिवक्ताको कार्यालयले आ.व. २०७७/०७८ लाई *अभियोजन सुधार वर्ष* घोषणा गरेको सन्दर्भमा अभियोजन सम्बन्धी कार्यलाई थप वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन विद्यमान अभियोजन नीति र मार्गदर्शनलाई पुनरावलोकन गरी पछिल्लो समयमा जारी भएका कानूनी व्यवस्थासमेतसँग मेल खाने र सरकारी वकीललाई मार्गदर्शन गर्ने गरी यथाशीघ्र अभियोजन नीति तथा मार्गदर्शन जारी हुने अपेक्षा राख्दछौं ।

सेवा शर्त सम्बन्धी कानून

१३. नेपालको संविधानको धारा १६१ ले सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने कर्मचारीहरूको सेवा शर्त र सुविधा सम्बन्धी कानून बनाउनु पर्ने व्यवस्था गरेको सन्दर्भमा सो कानून बनाउन विगतदेखि नै सम्मेलनका घोषणापत्रमा उल्लेख गर्दै आइएको विषयलाई स्मरण गर्दै सरकारी वकीलको व्यावसायिकता विकासका लागि सो ऐन प्राथमिकतापूर्वक जारी हुनेछ भन्ने विश्वास व्यक्त गर्दछौं ।

१४. निरन्तर रूपमा बहस पैरवी र प्रतिरक्षामा संलग्न रहने सरकारी वकीलहरू निजामती कर्मचारी मात्र नभई व्यावसायिक वकील पनि भएकोले सरकारी वकीलको रूपमा गरिएको कार्य अनुभवलाई कानून व्यवसाय गरेको अनुभवको रूपमा समेत गणना हुने व्यवस्था गर्न आग्रह गर्दछौं ।

समन्वय

१५. अपराध अनुसन्धानमा सुधार भएमा मात्र अभियोजनमा सुधार गर्न सम्भव हुने यथार्थलाई आत्मसात गरी अनुसन्धानकर्ता र अभियोजनकर्ताहरूको समन्वयलाई अझ प्रभावकारी बनाउनु पर्ने आवश्यकताबोध गर्दछौं । त्यसैगरी न्याय क्षेत्रका सबै सरोकारवालाहरूको आपसी समन्वयलाई प्रभावकारी बनाई अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादन कार्यमा सुधार गर्न हामी प्रतिबद्ध रहेका छौं ।

मुद्दाको व्यवस्थापन

१६. न्याय सम्पादन प्रक्रियामा सुधारका लागि न्यायालयले अगाडि बढाएको फरक मुद्दाको फरक व्यवस्थापन समेतका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयनमा

ल्याउने र समयमा मुद्दा मामिलाको किनारा गर्ने कार्यमा सरकारी वकीलहरूको सदैव सहयोग रहनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

स्वीकृत मापदण्ड पालना

१७. सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन विशुद्ध व्यावसायिक कार्य भएकोले सो कार्यमा कुनै पनि प्रकारको हस्तक्षेप वा अनुचित प्रभाव स्वीकार्य हुने छैन । अभियोजनकर्ताका लागि सर्वस्वीकृत अन्तर्राष्ट्रिय मापदण्ड, राष्ट्रिय कानून एवम् न्यायिक अभ्यासबाट विकासित भएका सिद्धान्त र मान्यता एवम् सरकारी वकीलको आचार संहितालाई अझ प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनका लागि प्रतिबद्ध रहेका छौं ।

विधिविज्ञान प्रयोगशालाको सुदृढीकरण

१८. महान्यायाधिवक्ताको कार्यालयको प्रयत्नसमेतबाट राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको दुई वटा प्रादेशिक कार्यालयहरू स्थापना भएकोमा खुशी प्रकट गर्दै सबै प्रदेशमा दक्ष जनशक्ति र आधुनिक उपकरण सहितको विधिविज्ञान प्रयोगशालाको शीघ्र स्थापना हुनु पर्ने आवश्यकता औंल्याउँदछौं । विधिविज्ञान र मेडिको लिगल क्षेत्रलाई नियमन गर्नका लागि छुट्टै कानूनको आवश्यकता महसुस गर्दै प्राथमिकतापूर्वक त्यस्तो कानून तर्जुमा हुने विश्वास प्रकट गर्दछौं ।

सार्वजनिक हितको संरक्षण

१९. सार्वजनिक हित र सार्वजनिक सम्पत्ति सम्बन्धी विवादमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्दा तथा कानूनी राय उपलब्ध गराउँदा संविधान र कानूनले निर्धारण गरेको परिधिभित्र रही सार्वजनिक हित र सार्वजनिक सम्पत्तिको संरक्षणको पक्षमा प्रस्तुत हुने अठोट प्रकट गर्दछौं ।

दिशान्तर सम्बन्धी व्यवस्थामा सुधार

२०. बाल न्यायको अवधारणालाई अंगिकार गरी जारी भएको बालबालिका सम्बन्धी ऐन, २०७५ ले गरेको दिशान्तर सम्बन्धी व्यवस्थामा निर्धारण गरिको विगो वा जरिवानाको

सीमाका कारण उक्त व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन नसकिएको हुँदा सो कानूनी व्यवस्थालाई पुनरावलोकन गरी प्रभावकारी रूपमा कार्यान्वयनयोग्य बनाउन आवश्यकता दर्शाउँदछौं ।

रणनीतिक योजना सम्बन्धी

२१. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनबाट सरकारी वकील कार्यालयको संस्थागत सुधार र सरकारी वकीलको व्यावसायिकता विकासका लागि उल्लेख्य सहयोग पुगेको महसुस गर्दै आगामी तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको प्राथमिकता अपराध अनुसन्धान र अभियोजनमा सुधार, पीडित तथा साक्षी संरक्षण र सरकारी वकीलको व्यावसायिकता प्रबर्द्धन तथा सबै तहका जनशक्तिलाई उत्प्रेरित गर्ने दिशामा केन्द्रित हुनु पर्ने धारणा प्रकट गर्दछौं । आगामी योजनाको निर्माण र कार्यान्वयनका लागि हामी सक्रियतापूर्वक सहभागी हुनेछौं ।

घोषणापत्रको कार्यान्वयन

२२. सरकारी वकीलहरूको प्रथम र दोस्रो राष्ट्रिय सम्मेलन तथा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको पहिलो र दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित भएका घोषणापत्रमा उल्लिखित धेरै विषयहरू कार्यान्वयनको क्रममा आएकोमा सन्तोष प्रकट गर्दै कार्यान्वयनमा आउन बाँकी विषयहरू समेत प्राथमिकतापूर्वक कार्यान्वयन गरी संस्थागत सुधार र व्यावसीयकता विकासका लागि प्रकट भएका हाम्रा अपेक्षा पूरा हुने विश्वास व्यक्त गर्दछौं ।

कृतज्ञता ज्ञापन

२३. महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधारका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलप्रति यो सम्मेलन हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यो सम्मेलनको आयोजना र व्यवस्थापनमा संलग्न रहनु भएका सबै सरकारी वकील तथा कर्मचारीहरू एवम् सहयोग पुऱ्याउनु हुने सबैमा यो सम्मेलन हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

इति संवत् २०७७ साल पौष १० गते रोज ६ शुभम् ..........................................।